# बराहताल गाउँपालिकाको बजेट ६३ करोड

■ सौर्य समाचार

सुर्खेत । बराहताल गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३-८४ का लागि ६३ करोड ६ लाख ९६ हजार ५० रुपैयाँको बजेट ल्याएको छ । सोमबार गाउँपालिकाको १९औँ गाउँसभामा उपाध्यक्ष लक्ष्मी पुन मगरले आगामी वर्षको बजेट पेस गरेकी हुन् । बराहताल गाउँपालिकाले आगामी वर्ष चालुतर्फ कुल बजेटको ३२ प्रतिशत र पुँजीगततर्फ ६८ प्रतिशत बजेट विनियोजन गरिएको उपाध्यक्ष पुनले बताइन् । पालिकाको स्रोतमा भने कर्णाली प्रदेश सरकार र संघीय सरकारको अनुदानमा आश्रित रहेको छ । यो नगरपालिका पूर्णरूपमा संघीय र प्रदेश सरकारमा निर्भर रहेको छ । ६३ करोड रुपैयाँको बजेट ल्याएको बराहतालको आन्तरिक आम्दानी २ करोड ५७ लाख ८२ हजार १४६ रुपैयाँ अनुमान गरिएको छ ।

पालिकाले आन्तरिक राजस्वतर्फ १ करोड १० लाख २२ हजार १०० रुपैयाँ आम्दानी गर्ने, दहत्तर बहत्तरबाट संकलन हुने ७२ लाख ६० हजार र चालु आर्थिक बर्षमा बैंक मौज्दात रहने ७५ लाख रुपैयाँलाई अगामी वर्षको आन्तरिक बजेट अनुमान गरेको छ । बराहताल गाउँपालिकाले नेपाल सरकारबाट राजस्व अनुदान बाँडफाँडबाट प्राप्त १५ करोड ८३ हजार र कर्णाली प्रदेशबाट राजस्व बाँडफाँडबाट २३ लाख ८४ हजार ९०४ रुपैयाँ प्राप्त गरेको उपाध्यक्ष पुनले बताइन् ।

त्यस्तै बराहताल गाउँपालिका नेपाल सरकारबाट समानीकरण अनुदान ११ करोड ७८ लाख, ससर्त अनुदान (चालुतर्फ) २४ करोड ८७ लाख र पुँजीगततर्फ ६६ लाख, समपुरक अनुदान १ करोड ७० लाख र वित्तीय हस्तान्तरण भई आएको कुल ४८ करोड १ लाख रुपैयाँ रहेको छ । कर्णाली प्रदेश सरकारबाट समानीकरण अनुदान १ करोड ४५ लाख १० हजार, ससर्त अनुदान (चालुतर्फ) २६ लाख ८६ हजार, पुँजीगततर्फ २ करोड ५ लाख, विशेष अनुदान ५० लाख र समपूरक अनुदान १ करोड ९१ लाख ५० हजार रुपैयाँ रहेको बताइएको छ ।

# काँकडभिट्टा नाकामा एकीकृत जाँच एकाइ पुनः सञ्चालन

■ सौर्य समाचार

झापा । पूर्वी सीमा नाका काँकडभिट्टामा यात्रु तथा मालवस्तुको चेकजाँचलाई व्यवस्थित र प्रभावकारी बनाउन एकीकृत जाँच एकाइ पुनः सञ्चालनमा आएको छ । सोमबारदेखि सञ्चालनमा आएको एकीकृत जाँच एकाइमा मेची भन्सार कार्यालय, इलाका प्रहरी कार्यालय काँकडभिट्टा तथा सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षा गुल्मका सुरक्षाकर्मीले एउटै स्थानबाट संयुक्त रूपमा यात्रुका सामानको परीक्षण गर्ने व्यवस्थाको शुभारम्भ गरेका हुन् । योसँगै सीमा सुरक्षा, भन्सार निगरानी तथा यात्रु सेवामा समन्वयात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

जेनजी आन्दोलनका क्रममा क्षति पुगेपछि बन्द भएको एकीकृत जाँच एकाइ झन्डै १० महिनापछि पुनः सञ्चालनमा आएको हो । मेचीनगर नगरपालिका-६ स्थित काँकडभिट्टा नाका भारतको पश्चिम बंगाल राज्यअन्तर्गत दार्जिलिङ जिल्लाको पानीट्यांकीसँग जोडिएको नेपालको व्यस्त अन्तर्राष्ट्रिय प्रवेशद्वार हो । यस नाकाबाट दैनिक हजारौँ यात्रु आवतजावत तथा ठुलो परिमाणमा मालवस्तु ओसारपसार हुने भएकाले प्रभावकारी जाँच प्रणालीको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको थियो ।

यसअघि मेची भन्सार कार्यालय परिसरमा अत्याधुनिक 'एक्स-रे' मेसिनसहित एकद्वार भन्सार जाँच प्रणाली सञ्चालनमा थियो । भन्सार, नेपाल प्रहरी र सशस्त्र प्रहरीले एउटै स्थानबाट संयुक्त रूपमा निगरानी गर्दा चोरी-तस्करी नियन्त्रणमा सहयोग पुग्नुका साथै यात्रुले सहज सेवा पाउँदै आएका थिए ।

# काठमाडौँका ३ हजारभन्दा बढी सार्वजनिक सवारीमा क्यामेरा र जिपिएस जडान

■ सौर्य समाचार



काठमाडौँ । काठमाडौँ उपत्यकामा सञ्चालन हुने सार्वजनिक सेवाका सवारीसाधनलाई थप सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउने उद्देश्यले प्रविधिको प्रयोगमा जोड दिइएको छ । हालसम्म काठमाडौँ उपत्यकामा ३ हजार ३०३ वटा सार्वजनिक सेवाका सवारीसाधनमा ड्यासक्यामेरा, सिसीक्यामेरा तथा जिपिएस प्रणाली जडान गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ । उपत्यकामा सञ्चालित सार्वजनिक यातायातका साधनमा यात्रुको सुरक्षा, सवारी व्यवस्थापन तथा निगरानी प्रभावकारी बनाउन ड्यासक्यामेरा, सिसीक्यामेरा र जिपिएस प्रणाली अनिवार्य जडान गर्नुपर्ने व्यवस्था लागू भएको छ ।

यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीले सार्वजनिक सवारीसाधनमा उक्त प्रविधि जडान भए/नभएको विषयमा नियमित अनुगमन गर्न थालेपछि यातायात व्यवसायीहरूले पनि जडानलाई प्राथमिकता दिएका छन् । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सार्वजनिक यातायातमा हुने यात्रुमाथिको दुर्व्यवहार, बढी भाडा असुली, सवारी सञ्चालनको अवस्थालगायत विषयको निगरानी तथा नियन्त्रणका लागि क्यामेरा र जिपिएस प्रणाली प्रभावकारी हुने बताए । उनले भने, 'गाडीमा यात्रुलाई बढी भाडा लिने, यात्रुसँग हुने दुर्व्यवहार नियन्त्रण गर्न यो प्रणालीले निकै सहज बनाउने छ । विशेषगरी सवारी दुर्घटना हुँदा ठुलो सवारीसाधनको मात्र दोष देखिने प्रवृत्तिको अन्त्य गर्न तथा दुर्घटना बिमाको सम्भावित दुरुपयोग रोक्न पनि यसले सहयोग पुऱ्याउने छ ।'

उनका अनुसार जिपिएस प्रणाली जडान भएपछि सवारीधनीले पनि आफ्नो गाडी कुन स्थानमा छ, कस्तो अवस्थामा सञ्चालन भइरहेको छ भन्ने जानकारी सहजै प्राप्त गर्न सक्नेछन् । यसले सवारीसाधनको नियमित अनुगमन, चालकको जिम्मेवारी र यात्रुको सुरक्षामा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । त्यस्तै, सार्वजनिक यातायातमा ड्यासक्यामेरा र सिसीक्यामेरा जडान भएपछि सवारीभित्र हुने गतिविधिको अभिलेख राख्न सकिने भएकाले विवाद समाधानमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको ट्राफिक प्रहरी प्रमुख काफ्लेले बताए ।

उता नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय अध्यक्ष सरोज सिटौलाले सार्वजनिक सेवाका गाडीमा ड्यासक्यामेरा र सिसीक्यामेरा लगायतका प्रविधि जडान गर्ने कार्य यातायात व्यवसायीका लागि सकारात्मक कदम भएको बताए । उनले भने, 'सार्वजनिक सेवाका सवारीमा ड्यासक्यामेरा, सिसीक्यामेरा र जिपिएस जडान गर्नु हाम्रा लागि राम्रो कुरा हो । तर त्यसका लागि सरकारले पनि स्पष्ट कार्यविधि ल्याउन आवश्यक छ । कार्यविधि बनेपछि हामी सबै सवारीसाधनमा जडान गरी अगाडि बढ्न तयार छौँ ।' सार्वजनिक यातायात क्षेत्रलाई सुरक्षित, पारदर्शी र उत्तरदायी बनाउन प्रविधिको प्रयोग आवश्यक रहेको भन्दै यातायात व्यवसायीहरूले समेत गाडीमा ड्यासक्यामेरा र सिसीक्यामेरालगायत प्रविधि जडानमा प्रतिबद्धता जनाएका छन् ।

आगामी दिनमा उपत्यकाभित्र सञ्चालन हुने सबै सार्वजनिक सेवाका सवारीसाधनमा यस्तो प्रणाली अनिवार्य गराउँदै यात्रु सुरक्षा र सवारी व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने योजना रहेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । प्रविधिमार्फत सार्वजनिक यातायातको निगरानी बढेपछि दुर्घटना न्यूनीकरण, यात्रुको गुनासो सम्बोधन तथा चालक-सवारीधनीको जिम्मेवारी निर्धारणमा थप सहजता आउने अपेक्षा गरिएको उनको भनाइ छ ।

## ललितपुरलाई 'उज्यालो नगर' बनाइँदै

ललितपुर । ललितपुर महानगरपालिकाले महानगर क्षेत्रभित्र पर्ने चक्रपथ खण्डमा स्मार्ट स्ट्रिट लाइट जडानकार्यलाई प्राथमिकतामा राखेको छ । सडकको सौन्दर्य अभिवृद्धि गर्नुका साथै रातिको समयमा हुने सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ग्वार्को, सातदोबाटो, एकान्तकुना हुँदै कलंकीतर्फको चक्रपथ खण्डमा आधुनिक स्मार्ट स्ट्रिट लाइट जडान गरिएको हो । महानगरले 'देशकै उज्यालो महानगरपालिका' बनाउने दीर्घकालीन लक्ष्यअनुसार भित्री सडक तथा अन्य मुख्य सडकमा समेत स्मार्ट बत्ती जडान कार्य अघि बढाइरहेको जनाएको छ । यसअन्तर्गत दोस्रो चरणमा ललितपुर क्षेत्रभित्रको ७.९ किलोमिटर चक्रपथ क्षेत्रमा लाइट जडान गर्ने योजना कार्यान्वयन भइरहेको छ ।

ललितपुर महानगरका प्रमुख (मेयर) चिरिबाबु महर्जनका अनुसार परियोजनाका लागि महानगरपालिकाले १० करोड तथा नेपाल विद्युत् प्राधिकरणले ३ करोड रुपैयाँ सहयोग गरेको छ । यसरी कुल १३ करोड रुपैयाँको लगानीमा स्मार्ट स्ट्रिट लाइट जडानको काम अघि बढाइएको हो । नगरप्रमुख महर्जनले चक्रपथमा आधुनिक बत्ती जडान भएपछि सडक रातभर उज्यालो रहने, यात्रु तथा सवारी चालकलाई सहज हुने र दुर्घटनाको जोखिम कम हुने विश्वास व्यक्त गरे ।

मेयर महर्जनका अनुसार परियोजनाअन्तर्गत ११ मिटर अग्ला ३७१ वटा पोल, ८ मिटर अग्ला १९५, ७ मिटर अग्ला २२४ पोल तथा १२ मिटर अग्ला ६६ वटा मिनीमास्ट जडान गरिनेछ । महानगर क्षेत्रभित्रको सम्पूर्ण ७.९ किमी चक्रपथ खण्ड प्रभावकारी रूपमा उज्यालो हुने अपेक्षा गरिएको छ । महानगरले पहिलो चरणमा बालकुमारीदेखि सातदोबाटोसम्म बत्ती सञ्चालनमा ल्याउने र त्यसपछि क्रमशः अन्य क्षेत्रमा विस्तार गर्दै लैजाने जनाएको छ । मेयर महर्जनले आगामी ३ महिनाभित्र अधिकांश क्षेत्रमा बत्ती सञ्चालनमा आउने जानकारी दिँदै स्मार्ट स्ट्रिट लाइट परियोजनाले ललितपुरलाई सुरक्षित, व्यवस्थित र आधुनिक सहरका रूपमा विकास गर्न महत्त्वपूर्ण योगदान पुग्ने बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७।२।०९ मा दर्ता भएको **प्रा.लि. नं. २५९७८८** को **दर्शन हस्पिटालिटी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।११।२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८२।०३।१५ मा दर्ता भएको **प्रा.लि. नं. ३६९४३९** को **कुनलुन होटल विथ रेस्टुरेन्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१।१२।१४ मा दर्ता भएको **प्रा.लि. नं. ३६४०६५** को **होटल कोजि होम एण्ड थकाली भान्छा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८।०८।०४ मा दर्ता भएको **प्रा.लि. नं. ८७९२३** को **शाकम्वरी होम्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०३/१०**

यस कम्पनीको मिति २०८३।०१।२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **मनस्वी विजनेश सोलुशन प्रा.लि. (दर्ता नं. १८०७४२)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०२।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालयन नेक्सस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०३/१०**

यस कम्पनीको मिति २०८३।०१।३० मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **ड्रेस फर सक्सेस काठमाडौं (मु.वि. नगर्ने दर्ता नं. १८५५३४)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालयन नेक्सस फाउण्डेशन** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०३/१०**

यस कम्पनीको मिति २०८३।०३।०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **जय खैराबाङ्ग हार्डवेयर प्रा.लि. (दर्ता नं. ३०४४९४)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लेकाली हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०३/१०**

यस कम्पनीको मिति २०८३।०२।१३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **द बर्दिया जंगल कटेज प्रा.लि. (दर्ता नं. ३९१०९३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०२।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **बर्दिया हेरिटेज रिसोर्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**सहरी विकास तथा भवन निर्माण विभाग**
**नयाँ शहर आयोजना समन्वय कार्यालय**
**नयाँ शहर आयोजना कार्यालय**
**राकम कर्णाली, दैलेख**

**ठेक्का किन नतोड्ने सम्बन्धी ७ दिने सूचना**

**प्रकाशित मिति : २०८३/०३/१० (दोस्रो पटक)**

यस नयाँ शहर आयोजना कार्यालय, राकम कर्णाली तथा तपशिल उल्लेखित निर्माण व्यवसायी बिच ठेक्काहरुको सम्झौता भई यस आयोजनाको कार्यक्षेत्रमा पर्ने तपसिलमा उल्लेखित निर्माण कार्यको लामो समय देखि सम्झौता बमोजिम कार्य प्रगति नगरेको र तोकिएको म्यादमा कार्य सम्पन्न गर्ने तदारुकता नदेखाएकोमा कार्यालयबाट पटक पटक मौखिक तथा लिखित जानकारी तथा ताकेता गराउँदा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएकोले निर्माण व्यवसायीबाट Fundamental Breach of Contract भएको हुदाँ सूचना प्रकाशनको मितिले ७ दिन भित्र कार्य सम्पन्न हुन नसक्नुको कारण, कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपदों योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धताका साथै ठेक्का अन्त्य गर्नु नपर्ने कुनै मनासिव कारण भए स्पष्टिकरणसहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । आधिकारिक व्यक्तिहरु उपस्थित भई चित्त बुझ्दो स्पष्टिकरण र कार्य सम्पन्न गर्ने विश्वसनीय आधार पेश नभएमा ठेक्का सम्झौता शर्त तथा प्रचलित कानून बमोजिम ठेक्का अन्त्य गरी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, अग्रिम भुक्तानी जमानत, धरौटी बापतको रकम जफत गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुलउपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारी समेत गराइन्छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण तथा स्थान | खरिद सम्झौता अन्त्य हुने ठेक्का सम्झौताका सर्तहरु तथा प्रचलित कानून | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|
| १ | RKNTP/Dailekh/Work /NCB/01/2078/079 | राकम कर्णाली इलाका प्रशासन पिपल चौतारा हुँदै बाम्तीवगर कुलोसम्म जाने सडक स्तरोन्नती । | GCC Clause No 72.1(c) & 72.3(g) र सा.ख. ऐन २०६३ को दफा ५९(२) (क), ५९ (७) र ५९(८) | धुर्व निर्माण सेवा, सुर्खेत |
| २ | RKNTP/Dailekh/Work /NCB/02/2078/79 | राम्निकाटियादेखि बसुन्धारा मोटरबाटो निर्माण कार्य । | GCC Clause No 72.1(c) & 72.3(g) र सा.ख. ऐन २०६३ को दफा ५९(२) (क), ५९ (७) र ५९(८) | धुर्व निर्माण सेवा, सुर्खेत |
| ३ | RKNTP/Dailekh/Work /NCB/03/2078/079 | जाक्सी सेलगाउँदेखि सातओखलसम्म मोटर बाटो निर्माण कार्य । | GCC Clause No 72.1(c) & 72.3(g) र सा.ख. ऐन २०६३ को दफा ५९(२) (क), ५९ (७) र ५९(८) | धुर्व निर्माण सेवा, सुर्खेत |

**आयोजना प्रमुख**

**UAE मा रोजगार** **JALEEL DISTRIBUTION LLC**

पूर्व स्वीकृती मिति: २०८३/३/९ चलानी नं. ६०२५७१६९ LT.No.343862

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Fruit And Vegetable Sales | 1 | 0 | काममा दक्ष | 1200 | ४९,६९०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | | छ | २ वर्ष |
| २. | Stevedores | 1 | 0 | | 1200 | ४९,६९०।- | | | | | | | |
| ३. | Stock Filler | 1 | 0 | | 1200 | ४९,६९०।- | | | | | | | |
| ४. | Vegetable Fruit Package Pack Work | 1 | 0 | | 1200 | ४९,६९०।- | | | | | | | |
| ६. | Wholesale/Shop Assistant | 1 | 0 | | 1200 | ४९,६९०।- | | | | | | | |
| ७. | Worker/Packer | 1 | 0 | | 1200 | ४९,६९०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८३ असार १७ गते (1 July, 2026) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

ThinkBiz Gov.Lic.NO. 1608/079/080

**THINK BIZ INTERNATIONAL PVT. LTD.**
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Contact Person : 9761819720 (Ritika Khadgi)

**Malaysia मा रोजगार** **E P POLYMERS SDN. BHD.**

पुर्व स्वीकृती मिति: २०८३/३/८ चलानी नं.६०२५७१९५ LT No.: 343948

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 100 | 0 | साधारण | 1700 | ६२,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

**अिन्तरवार्ता २०८३ असार १७ गते (1 July, 2026) यस प्रा. लि. को कार्यालय, कुपन्डोल, ललितपुरमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**AIR KINGS PLACEMENT PVT. LTD.** Gov. Lic No. 712/064/065
Kupondole, Lalitpur, Nepal. Tel.: 01-5524006, 5427196
Contact Person : 9841250386 (Pramod Giri)

**संस्थापक शेयर खरिद बारे शेयरधनीहरुलाई जरुरी सूचना**

सूचना प्रकाशित मिति : २०८३।०३।१०

यस **अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लिमिटेड**को जगेडामा रहेको संस्थापक शेयर बिक्री गर्ने तथा उक्त शेयर खरिदका लागि यस कम्पनीका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिने सम्बन्धमा मिति २०८१।१२।०६ गते पहिलो पटक ३५ (पैतिस) दिने सूचना प्रकाशित गरि सकेको अवगत नै छ । अत कम्पनीको जगेडामा रहेको संस्थापक शेयर बिक्रीका लागि मिति २०८३।०२।२८ गतेको संचालक समितिको निर्णयानुसार अन्तिम पटकलाई यो सूचना प्रकाशित गरिएको छ । इच्छुक संस्थापक शेयरधनी महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (**सात**) दिनभित्र संस्थापकको आवश्यक कागज प्रमाण संलग्न गरी यस कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ । उक्त म्याद भित्र कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्तिलाई बिक्रीगर्ने सम्बन्धी आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यस कम्पनीको कार्यालयमा सम्पर्क राख्नुहोला ।

**अभियान इन्भेष्टमेन्ट ग्रुपअफ नेपाल लिमिटेड**
aviyangroup22@gmail.com
फोन नं. : ०१-४०११०२६, ९८५१३३२२३३